**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. १७३

पुनरावेदन नं. ०७८-RB-००८५

**मुद्दाः- आयकर (२०७३/०७४) ।**

मोरङ जिल्ला हत्तिमुडा गा.वि.स. वडा नं. ९ अवस्थित स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं. ३०००३७५६२) को तर्फबाट अख्तियार प्राप्त प्रबन्धक प्रमोद राज अधिकारी.......................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर............................................... १ } प्रत्यर्थी
महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ.............................१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु कार्यालयको निर्णय मितिः-२०७५।०४।०२

**प्रशासकीय पुनरावलोकनमा निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय: आन्तरिक राजस्व विभाग,काठमाडौं
निर्णय गर्ने पदाधिकारी: महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मिति: २०७७।०३।१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल
: विद्वान अधिवक्ता श्री विकास अग्रवाल

: विद्वान अधिवक्ता श्री विकल्प अग्रवाल

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**<u>अवलम्वित नजिरः</u>**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०४/०२मा भएको कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा निवेदन दिएकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिमको समयभित्र निर्णय हुन नसकेको भनी गलत तथ्य उल्लेख गरी यस न्यायाधिकरणमा पुनरावेदन पत्र पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.लि. ले आ.व. २०७३/०७४ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार उद्योग तर्फको करयोग्य आय रु. ५,५०,९१,०७५।१७ तथा निर्यात तर्फको करयोग्य आय रू.२४,९६,७८२।४० कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७४/०९/२९ मा आय विवरण पेश गरेको ।

२. उक्त आ.व. २०७३/०७४ को लागि पूर्ण कर परीक्षण हुंदा करदाताबाट पेश हुन आएका आयकर विवरण साथ संलग्न कागजात, फांटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.व. २०७३।०७४ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि उद्योग तर्फको संशोधित कर योग्य आय रू.६,७०,५२,७५५/- तथा निर्यात तर्फको करयोग्य आय रू.२४,९६,७८२/-कायम गर्नुपर्ने तथा भुक्तानीमा कर कट्टी गर्नु पर्नेमा कर कट्टी नगरेको र कर कट्टी गरेको रकम आयकर ऐन, २०५८ ले तोकेको समयमा राजस्व दाखिला गरेको नपाइएकोले कर तथा व्याज निर्धारण गर्नु पर्ने भएकोले उल्लेखित बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१ (६) र दफा ९० ( ८) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय,

हरिहरभवन, ललितपुरबाट मिति २०७५/०३।१९ मा करदाताको नाममा जारी भएको सूचना ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।१९ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।२० मा बुझी लिई सूचनाको जवाफ करदाताले मिति २०७५।०४।०१ मा पेश गरेको ।

४. करदाताबाट उद्योगतर्फ कायम करयोग्य आय रू.५,५०,९१,०७५।०० लाई मान्यता नदिई उद्योग तर्फ करयोग्य आय रू ६७०५२७५५।०० र जम्मा करयोग्य आय रू.६९५४९५३७।५७ कायम गरी सो मा आयकर ऐन २०५८ बमोजिम कर रू. १,३७,८५,०६८।३९,आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिम शुल्क रू.११,९६,१६८।२०,आयकर ऐन,२०५८ को दफा ११८ बमोजिम ब्याज रू.७,७१,२९०।७६,आयकर ऐन २०५८ को दफा ११९ बमोजिमको ब्याज रू. ४,७४,२७२।३० आयकर ऐन २०५८ को दफा ११९(क) बमोजिम शुल्क रू ५,०००।— समेत गरी जम्मा संसोधित कर १,६२,३१,७९९।६५ मा अग्रिम दाखिल रू.१,०६,८०,८९० घटाई रू.५५,५०,९०९।६५ दाखिल गर्न बाँकी कर समेत करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०४/०२ मा खडा भएको निर्णय पर्चा ।

५. श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/०४/०२ मा जारी गरेको आ.व. २०७३/०७४ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०५/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले आफुले उठाउनुपर्ने रकम उठाउने प्रयत्न समेत नगरी आसामीको रूपमा चलाउन दिदां सो रकम निवेदकको व्यवसायमा प्रयोग भएको भनी मान्न मिल्ने नदेखिएको हुंदा कम्पनीले नियमित कारोबार नगर्ने व्यक्तिलाई लामो समय देखि आसामी देखाएको रकममा निवेदकले तिरेको औषत व्याज दरको रकमले हुन आउने रकमलाई कार्यालयले आयकर ऐन, २०५८ को १४ अनुसार कट्टी दिन नमिल्ने भनी गरेको कर निर्धारण कानून सम्मत भएकोले निवेदकको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१५ मा भएको निर्णय ।

७. ठूला करदाता कार्यालयबाट भएको निर्णय पर्चा  र संसोधित निर्धारण आदेश सूचना समेतमा हाम्रो चित्त नबुझेकोले श्रीमान महानिर्देशकज्यू,समक्ष प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व बिभाग काठमाण्डौमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम निवेदन दिएको मितिले ६० दिन भित्र निर्णय दिनुपर्नेमा उक्त निर्णय दिएको सूचना जानकारी हाल सम्म पनि हामीलाई प्राप्त हुन नआएकोले आयकर ऐन २०५८ को दफा११६ ले श्री राजस्व न्यायाधीकरणमा पुनरावेदन दिन मिल्ने व्यवस्था अनुरूप आन्तरिक राजस्व बिभाग समक्ष जानकारी पठाई बिभागबाट निर्णय भएको मानी आयकर ऐन २०५८ को दफा११५(८) र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६ र ९ समेत अनुसार यो पुनरावेदन दिएका छौ भन्ने समेत व्यहोराको करदाताको पुनरावेदन जिकिर।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री सीताराम अग्रवाल, श्री विकास अग्रवाल र श्री विकल्प अग्रवालले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, पुनरावेदक तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले पुनरावेदन पत्रको पहिलो पृष्ठमा कार्यालयबाट  भएको निर्णय र संसोधित कर निर्धारण  आदेशमा चित्त नबुझेकोले श्रीमान महानिर्देशकज्यू,समक्ष प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व बिभाग काठमाण्डौमा निवेदन लेखी चढाएका थियौं।हाम्रो निवेदन महानिर्देशकले बुझी प्राप्त गरे पनि निवेदन दर्ता भएको मितिले ६० दिन भित्र निर्णय दिनुपर्नेमा पुनरावेदकलाई  निर्णय

प्राप्त नभएकोले यस न्यायाधिकरणमा पुनरावेदन पेश गरेको छु भन्ने व्यहोरा उल्लेख गरी यो पुनरावेदन दर्ता गरेको देखिन्छ। ठुला करदाता कार्यालयबाट प्राप्त सक्कल फायल हेर्दा करदाताले दिएको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०७७।३।२५ मा नै निर्णय गरेको र उक्त निर्णय करदाताका अख्तियार प्राप्त प्रतिनिधि कर्मचारी राम भक्त शाहीले मिति २०७७।५।२६ मा बुझी भरपाई गरिदिएको देखियो।यसबाट करदाताले पुनरावेदन पत्रको पहिलो पृष्ठमा उल्लेख गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकले प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय गरेको जानकारी नभएको भन्ने व्यहोरा झुठ्ठा एवं न्यायाधिकरणलाई भ्रममा राखी अनावश्यक रूपमा समय नष्ट गर्ने प्रकृतिको रहेको पुष्टी हुन आयो।

११. राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ९ को उपदफा (४) मा यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा शुरु कारवाही र किनारा गर्ने अधिकारीले गरेको निर्णय सुनिपाएको वा त्यसको सूचना तामेल भएको पैंतिस दिन भित्र पुनरावेदन गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा आन्तरिक राजस्व बिभागका महानिर्देशकले प्रस्तुत मुद्दामा प्रशासकीय पुनरावलोकनको निवेदनमा मिति २०७७।३।२५ मा गरेको निर्णय सम्बन्धी सूचना करदाताका अख्तियार प्राप्त प्रतिनिधि कर्मचारीले मिति २०७७।५।२६ मा बुझी लिएको स्थितिमा सोको पैंतिस दिन नघाई करिब एक बर्षपछि मिति २०७८।०५।२४ मा झुठ्ठा र भ्रामक तथ्य उल्लेख गरी दर्ता भएको प्रस्तुत पुनरावेदन कानूनको हदम्याद भित्र परेको नदेखिँदा प्रस्तुत पुनरावेदनमा उठाइएका अन्य कानूनी प्रश्नको औचित्य भित्र प्रवेश गर्नुपर्ने देखिएन।

१२. तसर्थ,माथी उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाताले मिति २०७५।५।८ मा आन्तरिक राजस्व विभागमा दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदनमा ६० दिनभित्र निर्णय नदिएको भनी मिति २०७८।५।२४ मा यस न्यायाधिकरणमा यो पुनरावेदन दायर गरेकोमा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट प्राप्त सक्कल फायल हेर्दा आन्तरिक राजस्व विभागले मिति २०७७।३।१५ मा प्रशासकीय पुनरावलोकन निवेदनमा निर्णय गरी सो को जानकारी करदाताले मिति २०७७।५।२६ मा नै बुझी लिएको देखिंदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) तथा आयकर ऐन, २०५८ को दफा ११६ को हदम्याद नघाई परेको प्रस्तुत पुनरावेदनबाट

इन्साफ गर्न मिल्ने नदेखिएकोले प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ । पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

(पुष्प प्रसाद गुरागाई)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः खेम कुमारी बस्नेत
कम्प्यूटर टाइपः- कम्प्युटर अपरेटर चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल मंसिर २३ गते रोज ६ शुभम् ----------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप